## कर्णाली प्रदेश सरकार अन्तर्गतका निकायहरुको लागि आगामी आ.व. २०८२/८३ को बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनः

१. बजेट सीमाभित्र संघीय सरकारबाट प्राप्त हुने समपूरक, ससर्त र विशेष अनुदानका कार्यक्रमको बजेट सीमा समावेश गरिएको छैन। संघीय सरकारबाट उक्त कार्यक्रम र बजेट रकम प्राप्त भए पश्चात सम्बन्धित मन्त्रालयको प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टी गर्ने व्यवस्था मिलाइनेछ।

२. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्वीकृत दरबन्दीका कर्मचारीको लागि आवश्यक पर्ने तलब, भत्ता तथा कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने पानी तथा बिजुली, सञ्चार महशुल, घरभाडा, मसलन्द लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकमा पछी थप माग गर्न नपर्ने गरी आवश्यक बजेट प्रस्ताव गर्नु पर्नेछ।

३. यस मन्त्रालयबाट बहुवर्षीय स्रोत सुनिश्चितता प्रदान गरिएका आयोजना तथा प्रदेश सरकारबाट लागत साझेदारीमा संचालन हुने आयोजनामा आ.व. २०८२/८३ का लागि प्रस्ताव गरिएको प्रतिवद्धता रकम भुक्तानी गर्न पुग्ने गरी पर्याप्त बजेट विनियोजन गर्नुपर्नेछ।

४. तहाँ मन्त्रालय/सचिवालय/आयोग/कार्यालयको मूलभुत उद्देश्य प्राप्तिका लागि सालवसाली निरन्तर रुपमा सञ्चालन गरिँदै आएका क्रमागत आयोजना वा कार्यक्रम आ.व.२०८२/०८३ मा समेत निरन्तरता दिनु पर्ने भएमा सो एकिन गरी आवश्यक बजेट प्रस्ताव गर्नु पर्नेछ।

५. नेपाल सरकारबाट प्रदेश सरकारले कार्यान्वयन गर्ने गरी हस्तान्तरण भई आएका वा प्रदेश सरकारले विगत आ.व.मा कार्यान्वयन सुरु गरेतापनि सम्पन्न हुन नसकेका अधुरा आयोजना भए त्यस्ता आयोजनाको प्रचलित कानूनको अधिनमा रही पुनः मुल्याङ्कन र विश्लेषण गर्दा प्रतिफलमुखी र आवश्यक देखिएमा त्यस्ता आयोजना सम्पन्न गर्नका लागि आवश्यक बजेट प्रस्ताव गर्न सकिनेछ।

६. यस मार्गदर्शनको बुदाँ नं. १ देखि ५ सम्म उल्लिखित कार्यका लागि बजेट विनियोजन गरी बाँकी बजेट सीमाबाट नयाँ आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएमा कर्णाली प्रदेश आयोजना प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को प्रक्रिया पूरा गरी छनोट भएका आयोजनामा मात्र बजेट प्रस्ताव गर्नु पर्नेछ।

७. प्रदेश सरकारबाट स्वीकृत दरबन्दी भन्दा बढी हुने गरी स्थायी, अस्थायी वा सेवा करारमा कर्मचारी नियुक्त हुने गरी सेवा सुविधा र पारिश्रमिक उपलब्ध गराउन बजेट प्रस्ताव गर्न पाईने छैन। कार्यालयको कार्यसम्पादनको लागि स्थायी दरबन्दीका कर्माचारी अपूग भई सेवा करारमा जनशक्ति राख्न आवश्यक भएमा प्रचलित कानूनको अधिनमा रही स्वीकृत दरबन्दीमा नबढ्ने गरी सेवा करारमा जनशक्ति पदपूर्ति गर्नु पर्ने भएमा त्यस्ता जनशक्तिको लागि आवश्यक पर्ने पारिश्रमिक तथा सेवा सुविधा एकिकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या (पाँचौं संशोधन समेत),२०७४ बमोजिमको उपयुक्त खर्च शीर्षकमा बजेट प्रस्ताव गर्नु पर्नेछ।

८. स्वीकृत दरबन्दीमा कार्यरत स्थायी वा सेवा करार जनशक्तिको पारिश्रमिक र अन्य सेवा सुविधाको रकम प्रस्ताव गर्दा स्थायी कर्मचारीको हकमा पारिश्रमिक खर्च शीर्षक नं. २११११ र अन्य सेवा सुविधा तोकिएको खर्च शीर्षकमा र सेवा करार तर्फका जनशक्ति भए त्यस्ता कर्मचारीले पाउने सम्पूर्ण सेवा सुविधा खर्च शीर्षक नं. २२४१३ मा मात्र प्रस्ताव गर्नु पर्नेछ। यसरी बजेट प्रस्ताव गर्दा दोहोरो नपर्ने गरी प्रस्ताव गर्नु पर्नेछ।

९. आयोजनाको प्रकृति वा लागतको हिसाबले एकै आर्थिक वर्षमा निर्माण सम्पन्न हुन नसक्ने भई बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयन गर्ने गरी आयोजनाको लागि बजेट प्रस्ताव गर्नुपर्ने भएमा कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी निर्देशिका,२०८१ बमोजिमको आधार, मापदण्ड र प्रक्रिया पूरा भएका आयोजनामा मात्र आवश्यक बजेट प्रस्ताव गर्नु पर्नेछ।

१०. यस मार्गदर्शन बमोजिम आयोजना वा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा कर्णाली प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाले लिएका क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति र प्रमुख कार्यक्रम तथा मध्यमकालीन खर्च संरचनाको कार्यान्वयन सुनिश्चितता हुने गरी प्रस्ताव गर्नु पर्नेछ।

११. बजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा बजेट रकमान्तर वा कार्यक्रम संशोधन (त्रैमासिक संशोधन, नाम, ठेगाना वा अन्य भाषिक संशोधन) गर्न नपर्ने गरी पर्याप्त छलफल तथा विश्लेषणका आधारमा मिल्दो खर्च शीर्षक भित्र रहने गरी क्रियाकलाप छनोट वा सिर्जना गर्दा उपयुक्त शब्दावली चयन गरी तत्-तत् खर्च शीर्षकमा बजेट सीमाभित्र रही प्रस्ताव गर्नु पर्नेछ।

१२. तहाँ मन्त्रालय/सचिवालय/आयोग/कार्यालयबाट बजेट प्रस्ताव गर्दाका बखत कार्यान्वयन गर्ने निकाय र गर्नुपर्ने क्रियाकलाप एकिन नगरी एकमुष्ट रुपमा अबण्डामा रहने गरी कुनै पनि बजेट प्रस्ताव गर्ने पाइने छैन।

१३. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा दोहोरो नहुने एकिन गरी बजेट प्रस्ताव गर्नु पर्नेछ।क्रमागत तथा बहुवर्षीय आयोजना प्रस्ताव गर्दा विगत वर्षकै क्रियाकलाप नम्बर र नाम हुने गरी प्रस्ताव गर्नुपर्नेछ।

१४. एकै प्रकृतिका क्रियाकलापहरु विभिन्न उपशीर्षक तथा कार्यक्रममा समावेश भएकोमा आगामी आर्थिक बर्षदेखि त्यस्ता क्रियाकलापलाई एकिकृत तथा व्यवस्थित गरी बजेट प्रस्ताव गर्नु पर्नेछ।

१५. बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा जलवायु परिवर्तन, लैङ्गिक उत्तरदायी तथा दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्ने गरी प्राथमिकताका साथ बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु पर्नेछ।

१६. आगामी आर्थिक वर्षको लागि बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा आयोजना प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि,२०८१ बमोजिम छनोट भई कर्णाली प्रदेश आयोजना बैंक प्रणालीमा समावेश भएका आयोजनाका लागि मात्र बजेट प्रस्ताव गर्नु पर्नेछ।

१७. आयोजना वा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा स्वीकृत नर्म्स तथा दररेट, कर्णाली प्रदेशको खर्च मापदण्ड लगायतका आधारमा आवश्यक (सारभूत रुपमा न्यून वा अधिक नहुने गरी) रकम एकिन गरी बजेट प्रस्ताव गर्नु पर्नेछ।

१८. अत्यावश्यकीय अवस्थामा बाहेक फर्निचर फिक्चर्स, सवारी साधन खरिद तथा वैदेशिक भ्रमण खर्च शीर्षकमा बजेट प्रस्ताव गर्नु हुने छैन।

१९. संघको अधिकार क्षेत्रभित्र पर्ने कुनै विषयमा वा संघीय निकायको कुनै कार्यालयबाट कार्यान्वयन हुने गरी कुनै नयाँ आयोजना तथा कार्यक्रममा बजेट प्रस्ताव गर्नु हुने छैन।

२०. प्रदेश सरकारको कार्यक्षेत्र भित्रको कुनै विषयसँग सम्बन्धित आयोजना वा कार्यक्रम स्थानीय तहबाट कार्यान्वयन गराउँदा उपयुक्त र प्रभावकारी हुने भएमा त्यस मन्त्रालयलाई उपलब्ध गराईएको बजेट सीमाभित्र रही ससर्त अनुदान मार्फत कार्यान्वयन हुने गरी बजेट प्रस्ताव गर्न सकिनेछ।

२१. बहुवर्षीय स्रोत सहमती लिएका आयोजनामध्ये चालु आर्थिक वर्षमा निर्माण सम्पन्न हुन नसकी आगामी आ.व.का लागि समेत बजेट प्रस्ताव गर्नुपर्ने भएमा त्यस्ता आयोजनाको ठेक्का सम्झौता रकम, हालसम्मको प्रगति, हालसम्म भएको भुक्तानी रकम तथा बाँकी दायित्व समेत स्पष्ट रूपमा खुल्ने विवरण प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गर्नु पर्नेछ।

२२. नेपाल सरकार र प्रदेश सरकारको लागत साझेदारीमा सञ्चालन हुने गरी छनोट भएका संघीय समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा प्रदेश सरकारको योगदान अंशका लागि आवश्यक बजेट प्रस्ताव गर्नु पर्नेछ।

२३. तहाँ मन्त्रालय/सचिवालय/आयोग/कार्यालयका लागि यस मन्त्रालयबाट प्राप्त बजेट सीमा तथा मार्गदर्शनको आधारमा आफु मातहतका निकाय/कार्यालयलाई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा बजेट सीमा प्रविष्टी गरी सात दिनभित्र बजेट सीमा तथा मार्गदर्शन पठाउनु पर्नेछ।

२४. तहाँ मन्त्रालय/निकाय र मातहतका निकायहरु समेतको प्राप्त बजेट सीमा तथा मार्गदर्शनको आधारमा अनिवार्य दायित्व र प्रशासनिक खर्च मिति २०८२/०२/०३ गतेसम्म र अन्य आयोजना वा कार्यक्रम मिति २०८२/०२/१० गतेसम्म प्रदेशस्तरीय मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा क्रियाकलापगत रुपमा वार्षिक बजेट तथा कार्यक्रम प्रविष्टी गर्नु पर्नेछ।

२५. प्रदेश सरकारबाट कार्यान्वन हुने गरी छनोट भएका संङ्घीय समपूरक, विशेष र ससर्त अनुदानका आयोजना तथा कार्यक्रमको विवरण सूची यस मन्त्रालयमा प्राप्त भएको तीन दिनभित्र आयोजनासँग सम्बन्धित मन्त्रालयमा पठाइनेछ। यसरी प्राप्त विवरणमध्ये आयोजना तथा कार्यक्रम दोहोरो नपर्ने र कार्यान्वयन गर्ने कार्यालय एकिन गरिएको विवरण तहाँ मन्त्रालयबाट तीन दिन भित्र यस मन्त्रालयमा पठाउनु पर्नेछ।

२६. चालु प्रशासनिक खर्चमा मितव्ययीता कायम गर्ने गरी अत्यावश्यक बजेट प्रस्ताव गर्नुका साथै अनिवार्य दायित्वका खर्च शीर्षकका हकमा पछि थप निकासा माग गर्न नपर्ने गरी पर्याप्त बजेट प्रस्ताव गर्नु पर्नेछ।

२७. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा प्रदेशको आर्थिक, सामाजिक विकासमा सघाउ पुग्ने गरी उत्पादन, उत्पादकत्व, रोजगारी सिर्जना तथा अर्थतन्त्रको विस्तार हुने क्षेत्र वा क्रियाकलापलाई प्राथमिकता दिनु पर्नेछ।

२८. एक भन्दा बढी मन्त्रालय वा निकायको सहयोग, समन्वय वा साझेदारीमा सञ्चालन हुने प्रकृतिका आयोजना वा कार्यक्रम भए सम्बन्धित सबै निकायसँग समन्वय र परामर्शमा बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु पर्नेछ।

२९. बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यको वित्तीय उत्तरदायित्व कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०८१ दफा ४८ को उपदफा (१) र (२) बमोजिमको पदाधिकारीको हुनेछ। बजेट तर्जुमाको सम्बन्धमा अन्य व्यवस्था सोही ऐनको सान्दर्भिक दफाको परिपालना गर्नु पर्नेछ।

३०. आयोजना तथा कार्यक्रममा बजेट प्रस्ताव गर्ने सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०८०/०७/१३ को सुझाव कार्यान्वयन सम्बन्धी २२ बुँदे सुझावलाई आत्मसात गर्नु पर्नेछ।

३१. कर्णाली प्रदेश आयोजना प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को प्रक्रिया पूरा गरी कर्णाली प्रदेश आयोजना बैङ्क प्रणालीमा समावेश भएका आयोजना मध्येबाट मात्र आगामी आ.व.मा कार्यान्वयन हुने गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा बजेट प्रस्ताव गरिएका आयोजना तथा कार्यक्रमको बेहोरा खुल्ने प्रमाणित विवरण बजेट छलफलको क्रममा पेश गर्नु पर्नेछ।

३२. बजेट तर्जुमा तथा प्रस्ताव सम्बन्धमा यस मार्गदर्शनमा उल्लेख नभएका विषयको हकमा नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारको प्रचलित कानून र स्थापित प्रणाली अनुसार गर्नु हुनेछ।

## मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा समावेश गर्नुपर्ने विषय

| क्र.सं. | प्रमुख विषय | समावेश गर्नुपर्ने विषय |
|---|---|---|
| १ | मध्यमकालीन खर्च संरचना तर्जुमा | (क) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ को व्यवस्था र कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ६ को व्यवस्था बमोजिम तीन वर्षको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयार गरी यस मन्त्रालय र कर्णाली प्रदेश योजना आयोगमा पेस गर्ने।<br>(ख) सो खाकामा उल्लेख हुने अपेक्षित नतिजा/लक्ष्य हासिल गर्ने गरी आवश्यक बजेट/खर्च सहित योजना तथा कार्यक्रम प्रस्ताव गर्ने।<br>(ग) मध्यमकालीन खर्च संरचना बमोजिम कार्यान्वयन गरिने आयोजना/ कार्यक्रम र सो अन्तर्गतका क्रियाकलाप, निर्धारित खर्च मापदण्ड (नर्म्स) को आधारमा लाग्ने अनुमानित लागत तथा सो लागत व्यहोर्ने स्रोत यस मन्त्रालयबाट प्राप्त बजेट सीमाको अधीनमा रही प्रस्ताव गर्ने। |

| | | |
|---|---|---|
| | | (घ) प्रत्येक विकास कार्यक्रम तथा आयोजनाको दिगो विकास लक्ष्य सङ्केत (१-१७), प्राथमिकता सङ्केत (१ वा २), लैङ्गिक उत्तरदायी सङ्केत (१,२ वा ३) र जलवायु सङ्केत (१, २ वा ३) उल्लेख गर्ने।<br>(ङ) मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी अन्य विषय कर्णाली प्रदेश योजना आयोगले तोके बमोजिम गर्ने। |
| २ | वार्षिक विकास कार्यक्रम तर्जुमा | (क) मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नै आगामी वर्ष सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको बजेट उपशीर्षक नम्बर, उद्देश्य, आयोजना अवधि, लागत, अपेक्षित नतिजा सहितको संक्षिप्त विवरण तयार गरी समावेश गर्ने। |